# लेखापरीक्षण प्रतिवेदन

## चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/329

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
चौंरीदेउराली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ढाँडखर्क भञ्याङ्ग, काभ्रेपलाञ्चोक ।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. चौंरीदेउराली गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१३ करोड ८२ लाख ९६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.२५ लाख ६५ हजार र समेत गरी रू१४ करोड ८ लाख ६१ हजार सुत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ३५ करोड ९७ लाख ९१ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ३९ लाख १६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.३ लाख ४२हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४ लाख ४१ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू.३६ लाख २४ हजार, नियमित गर्नुपर्ने रु.४५ लाख ८८ हजार र पेस्की बाँकी रु.४९ लाख २१ हजार रहेको छ। गत वर्षसम्म रु.१७ करोड ७५ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ७१ लाख ६९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चौंरीदेउराली गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**
यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी चौंरीदेउराली गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**
वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | १३९ | १,३९,१६,४०३ | ० | १४ | ३,४२,०३१ | ० | ६३ | १२५ | १,३५,७४,३७२ | ४,४१,२६२ | ४५,८८,०९२ | ३६,२३,६८८ | ० | ० | ८२,११,७८० | ४९,२१,३२९ |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | १७,७५,३१,००८ | (२३५९४३) | ३७,००,००६ | १७३५९५०५९ | ० | १,३५,७४,३७२ | १८७१६९४३१ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | १९.१ | आन्तरिक लेखापरीक्षण तथा अन्य विविध | २,००,००६ |
| २ | २०७८/७९ | ५३ | बढी निकासाः | २,००,००० |
| ३ | २०७८/७९ | ९ | पेस्की बाँकी | ३,००,००० |
| ४ | २०७८/७९ | ५२ | नमुना विद्यालयः | ३०,००,००० |
| ५ | २०८०/८१ | ३० | धरौटी बढी फिर्ता | १८,००० |
| ६ | २०८०/८१ | ६३.१ | गृहणी महिला सशक्तिकरण तालिम | १,५७,०७६ |
| ७ | २०८०/८१ | ६०.२ | गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम | १०,४१६ |
| ८ | २०८०/८१ | ६८.४ | आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट कायम बेरुजु | ६०,००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ४४ | पूर्व निर्धारित क्षतिपुर्ति | ९६,५३९ |
| जम्मा | | | | ४०,४२,०३७ |

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

# (८०३२६५०२३०० - चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ९८.२ वर्ग किलोमिटर तथा १४०७६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।८ देखि २०८१ ।८।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१,३५,९७,९०,५३८।६६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९३,५०५।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भौचर नं ७२६३०५९८ बाट मिति २०८१।८।११ मा राष्ट्रिय वाणिज्य वैंकमा नपुग अग्रिम आयकर राजश्व शिर्षक १५१११ मा दाखिला भएको | ६९९८५ |
| २ | राष्ट्रिय बाणिज्य बैंकको भौचर नं ७४०३९७२१ मिति २०८१।८।११ बाट बढी भुक्तानी प्रशिक्षक भत्ता राजश्व शिर्षक १५१११ मा दाखिला भएको | ९५२० |
| ३ | राष्ट्रिय बाणिज्य बैंकको भौचर नं ७४०३९३६८ मिति २०८१।८।११ बाट दोहोरो गाडी भाडा रकम राजश्व शिर्षक १५१११ मा दाखिला भएको | ९००० |
| ४ | भौचर नं ७२६०३५१२ बाट मिति २०८१।८।१० बाट सेसन वापतको बढि खर्च रकम राष्ट्रिय वाणिज्य वैंकमा राजस्व शिर्षक १५१११ मा दाखिला भएको | ५००० |
| जम्मा | | ९३,५०५.00 |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले निम्न बमोजिमका सफ्टवेयर खरिद गरी रु. ५६७६६५।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| सफ्टवेयरको नाम | कामको विवरण | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| सुशासन | सफ्टवेयर मर्मत तथा नविकरण | ७५५५० | ७५५५० |
| व्यवसायीक दर्ता व्यवस्थापन सफ्टवेयर | व्यवसाय दर्ता व्यवस्थापन सफ्टवेयर नयाँ खरिद | ४९२११५ | ४९२११५ |
| जम्मा | | ५६७६६५ | ५६७६६५ |

## ३ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ९ गरी कुल १३ विवाद दर्ता भएकोमा ११ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ४ कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि, ५ निर्देशिका र १ मापदण्ड लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

## ५ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले १५ वटा कृषि कार्यक्रममा रु.६०८२९२७।०० र ३ वटा पशु कार्यक्रममा रु २४९५०००।०० गरी जम्मा रु.८५७७९२७।०० अनुदान खर्च लेखेको छ । यस वर्ष बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन। अनुदान मागदाबीको सुबना प्रभाग नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ। अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शि रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत १४२ र पालिकास्तरका १६४ गरी कुल ३०६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | रु.५ लाखभन्दा कम योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.२० लाख भन्दा माथिका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १६४ | १११ | ५१ | २ |
| २. | वडास्तरीय | १४२ | १३१ | ११ | - |
| | जम्मा | ३०६ | २४२ | ६२ | २ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २९७ योजनामात्र कार्यान्वियन भई ९ योजना कार्यान्वियन हुन नसकेको देखियो । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माण योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १९.५० देखि ५०.२५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | धङ्खर्खा भञ्ज्याङ मानेडाडा ठुली पढेरा सडक, चौरीदेउराली–९ | CDRM/WORKS/NCB/01/080/81 | हिमज्योति निर्माण सेवा | १९९००३४०. | ९९००१३७।१३ | ५०.२५ |
| २ | बिरता आला हुदै दरिम्बोट कट्टीकेदेउराली बोक्से सडक | CDRM/WORKS/NCB/02/080/81 | हिमज्योति निर्माण सेवा | ९९१२७४५.०७ | ६३,८१,१८९.१० | ३५.६२ |
| ३ | धङ्खर्खा भञ्ज्याङ मानेडाडा ठुली पढेरा सडक प्याकेज–२, चौरीदेउराली–९ | CDRM/WORKS/NCB/03/080/81 | हिमज्योति निर्माण सेवा | ९९७२२४१.२७ | ६६००३९५.८१ | ३३.८१ |
| ५ | गुरुङमाराङ ओलाङ खानेपानी आयोजना नगरे, चौरीदेउराली २ | CDRM/WORKS/NCB/05/080/81 | जिग्मे बिल्डर्स | ६९०५७३६.१७ | ५५५८८९४.८१ | १९.५ |
| ६ | पुरानो भवनको मर्मतसम्भार | CDRM/WORKS/SQ/01/080/81 | तारोम निर्माण सेवा | १४१५३८७।८७ | ९५०००० | ३२.८८ |

८ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

९ **सहकारी अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । ५८ मध्ये वटा ४५ निस्कृय र १३ वटा सक्रिय रहेको बताएको छ । १३ वटाले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा १ वटाले विवरण भरे पनि अन्यले विवरण भरेका छैनन् । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।समस्याग्रस्त सहकारीको अनुगमन गरी हिनामिना भएको देखिए कारवाही प्रक्रिया अघि बढाउनु पर्दछ।

१० **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ११ लक्ष्य प्रगति :

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाचा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५ % भन्दा बढि प्रगति |
| कार्यक्रम संख्या | ३०६ | ९ | ० | ० | ० | २९७ |

पूर्वाधार तर्फ ३०६ योजना संचालन भएकोमा ९ वटा संचालन नआई २९७ वटा मात्र संचालनमा आएको देखियो । अतः लक्ष्य वमोजिम प्रगति हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

## १२ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | चौथो | |
| पुंजीगत खर्चतर्फ | ११३४९१००१ | ५६२०६११ | १०६४०९९४ | १९५४३८८८ | ७७६८५५०८ | ५०२९३६७६ |
| प्रतिशत | १०० | ४.९५ | ९.३८ | १७.२२ | ६८.४५ | ४४.३१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११३४९१००१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५६२०६११ (४.९५प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १०६४०९९४ (९.३८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १९५४३८८८(१७.२२ प्रतिशत) र चौथो त्रैमासिकमा रु ७७६८५५०८ (६८.४५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५०२९३६७६(४४.३१प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १३ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १०८२४०६४।१६ ( स्थानीय राजस्व बाडफाँड समेत), राजस्व बाडफाँड रु.८८५६६४६९।७७ र अनुदानबाट रु.४२८०६५६९४।००, गत वर्षको जिम्मेवारी रु.१०७५००९०९.२० समेत रु. ६३४९५७१३७.४५ आम्दानी भएकोमा चालु तर्फ रु. ३५७५८३७९२.८२ र पूँजिगत तर्फ रु.११३४९१००१.०० समेत रु.४७१०७४७९३।८२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७१७१९००।०० खर्च भएको छ जुन आन्तरिक आयको ६६.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.९१ प्रतिशत चालु र २४.०९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १४ बजेट तथा कार्यक्रम तर्जुमाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१६ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।३० मा रु.६१ करोड ७१ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्ने, समयमा बजेट सभा समक्ष पेश गरी समयमा खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **कुल खर्चको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,५९,३०,०००.०० | २,७३,२८,१२५.०० | ५.८० |
| २ | पूर्वाधार विकास | १०,२७,००,०००.०० | ५,५१,९०,१६०.०० | ११.७२ |
| ३ | सामाजिक विकास | ३४,०९,६१,०००.०० | ३०,१५,८२,१०३.२४ | ६४.०२ |
| ४ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन **(सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र)** | २,०५,७४,०००.०० | १,८२,०९,४०७.०० | ३.८७ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,७०,२६,८४१.०० | ६,८७,६६,९९०.५८ | १४.६० |
| **जम्मा** | | **६१,७१,९१,८४१.००** | **४७,१०,७६,७८५.८२** | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा घटी ३.८७ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा बढी ६४.०२ प्रतिशत खर्च गरेको छ ।

१८ **गतवर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी पुँजीगत शीर्षकमा रु.५१९८१९२।०० भुक्तानी भएको देखियो। सम्बन्धित आर्थिक वर्षमा भूक्तानी हुने गरी वजेट तथा अन्य विषय व्यवस्थापन गर्नुपर्दछ ।

१९ **रकमान्तर**

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ६४ योजना घटाई र ११४ योजनामा बढाई रु. ३,४६,४३,१४७.०० रकमान्तर गरेको छ । योजना तथा कार्यक्रमको रकमान्तर गरी हिउँदे गाउँसभाबाट स्वीकृत गराएको छ। यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरीक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुसासन हिनता बढ्ने अवस्था देखियो। सिमा र शिर्षक बाहिर रकमान्तर गरि खर्च गर्ने कार्य कानुन सम्मत देखिएन।अत सामान्यतय रकमान्तर नहुने गरी कार्यान्वयनमा जाने योजना छनौट खर्च गर्नुपर्दछ। रकमान्तर गरी योजना घटाएको र बढाएको केहि उदाहरण देहायअनुसार रहेको छ ।

| घटाउने | | | | |
|---|---|---|---|---|
| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेटको स्रोत/तह | रकम |
| १ | ८०३२६५०२२०६ | चौंरीखोला पाथीभरा जुवाने लिफ्ट खानेपानी | नेपाल सरकार | ३,००,०००.०० |
| २ | ८०३२६५०२१०१ | पाईलट कार्यक्रमको रुपमा सिताके च्याउखेति परिक्षण | आन्तरिक श्रोत | ५०,०००.०० |
| ३ | ८०३२६५०२२०७ | खेल मैदान निर्माण | आन्तरिक श्रोत | ३,००,०००.०० |
| ४ | ८०३२६५०२१०१ | भैपरी आउने चालु खर्च | आन्तरिक श्रोत | ६१,५०,०००.०० |
| ५ | ८०३२६५०२१०१ | भैपरी आउने पूँजीगत | आन्तरिक श्रोत | २०,००,०००.०० |
| ६ | ८०३२६५०२१०१ | फोक्सीबोट सडक | नेपाल सरकार | २,००,०००.०० |
| ७ | ८०३२६५०२२०३ | कला तथा संस्कृति सिपमुलक कार्यक्रम | नेपाल सरकार | १,००,०००.०० |
| ८ | ८०३२६५०२२०४ | बाल बिवाह अन्त्यका लागि अभिमुखिकरण कार्यक्रम | आन्तरिक श्रोत | १,००,०००.०० |
| ९ | ८०३२६५०२१०१ | चालु भैपरी जगेडाकोष | राजस्व बाँडफाँड - संघीय सरकार | ३,५०,०००.०० |
| बढाउने | | | | |
| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेटको स्रोत/तह | रकम |
| १ | ८०३२६५०२२०३ | गौरा खोला काफ्ले खानेपानी व्यवस्थानपन | आन्तरिक श्रोत | २,००,०००.०० |
| २ | ८०३२६५०२१०१ | केउरिनी बाँझे मुहान उत्खन्न | नेपाल सरकार | १,००,०००.०० |
| ३ | ८०३२६५०२१०१ | कालिमाटी खोला सिँचाई पोखरी कात्तिके | आन्तरिक श्रोत | २,००,०००.०० |
| ४ | ८०३२६५०२१०१ | युवा लक्षित व्यवसायिक पशुपालन कार्यक्रम | नेपाल सरकार | १५,००,०००.०० |
| ५ | ८०३२६५०२१०१ | विद्युतिय तथा मेसिनरी सामाग्री खरिद | नेपाल सरकार | १०,००,०००.०० |
| ६ | ८०३२६५०२२०५ | रामेश्वर महादेव मन्दिर मेसिनरी वाल | आन्तरिक श्रोत | ४,००,०००.०० |
| ७ | ८०३२६५०२२०१ | गौउरा देखि गुम्बासम्म पर्यटकीय सिंढि निर्माण | नेपाल सरकार | २,००,०००.०० |
| ८ | ८०३२६५०२१०१ | टासी कुन्दालिङ गुम्बा मादन | आन्तरिक श्रोत | ४,००,०००.०० |
| ९ | ८०३२६५०२२०८ | सडक बत्ति महशुल | आन्तरिक श्रोत | १,००,०००.०० |

२० **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष पुजीगत भैपरिमा रु.१२२०३०००।०० तथा चालु भैपरीमा रु.१६००००००।०० गरी कुल रु.२८२०३०००।०० अवण्डा राखेकोमा सो मध्ये रु.१०४००००००।०० रकमान्तर गरी खर्च गरेको छ भने बाँकी अबण्डा बजेट खर्च नभएको देखियो । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । अतः अवण्डामा रकम विनियोजन गर्ने परिपाटी निरुत्साहित गर्नुपर्दछ ।

२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशाकीय अधिकृत सहित १४८ दरवन्दी रहेकोमा १३३ पदपूर्ती भई १५ रिक्त देखिन्छ । दरबन्दी

बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।दरबन्दी पदपुर्ति विवरण देहाय अनुसार छ।

| सि नं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जि वि स | घरेल | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ४७ | ४५ | ० | ० | ३१ | २५ | १४८ |
| २ | पदपूर्ती | ३५ | ४२ | ० | ० | ३१ | २५ | १३३ |
| ३ | रिक्त | १२ | ३ | ० | ० | ० | ० | १५ |
| ४ | कार्यरत (करार समेत) | ३५ | ४२ | ० | ० | ३१ | २५ | १३३ |
| ५ | दरवन्दी वेगर | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | स्थायी | ३५ | ४२ | ० | ० | ० | ० | ७७ |
| ७ | करार | ० | ० | ० | ० | ३१ | २५ | ५६ |

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी गाउँसभाबाट दरवन्दी स्वीकृत गरी प्रदेश निजामती किताबखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती गर्नुपर्नेमा ओ एण्ड एम सर्वेक्षण गरी स्वीकृत गरेको देखिएन।पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेकोले दरवन्दी स्वीकृत गरी स्थायी पदपुर्ती गर्नुपर्दछ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## २२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

## २३ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । जिन्सी निरिक्षण प्रतिवेदन अनुसार ३ थान मोटरसाइकल, ६ थान डस्कटप कम्प्यूटर,पावर मिनिटिलर २ थान, रिभल्बिङ चेयर १० थान, २ थान अफिस टेवल, घुम्ने चेयर ३ थान लगायतका केही सामान चालु अवस्थामा नरहेकोमा लिलाम मर्मत गरेको देखिएन । सो मध्ये १ थान मोटरसाइकल, २ थान पावर/मिनि टिलर लगायतका केहि सामान मिनहा गर्नुपर्ने उल्लेख भएकोमा गरेको देखिएन । त्यसैगरी वडा नं १ मा ७ प्रकारका ७ थान सामान, वडा नं २ मा ८ प्रकारका ३४ थान, वडा नं ३ मा ६ प्रकारका ५५ थान, वडा नं ४ मा ४ प्रकारका ७ थान, वडा नं ५ मा ९ प्रकारका १२ थान, वडा नं ६ मा १० प्रकारका २६ थान, वडा नं ७ मा १४ प्रकारका ७४ थान, वडा नं ८ मा ४ प्रकारका ११ थान तथा वडा नं ९ मा ७ प्रकारका १२ थान मालसामान जिन्सी निरिक्षणको क्रममा देखिएको तर दाखिला विवरणमा नभएको जनाएकोले उक्त सामान पाम्समा दाखिला गर्नुपर्दछ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको देखियो।साथै जिन्सी निरिक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु कार्यन्वयन गरी जिन्सी श्रेस्ता अद्यावधिक राख्नुपर्दछ।

## २४ बर बुझारथ नभएकोः

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०६४ को निमय १०३ (१) बमोजिम कुनै कर्मचारी वा पदाधिकारी अवकास हुँदा कार्यालय छाडी जादाँ वा सो कामबाट अलग हुँदा जिन्सी मालसमान बरबुझारथ गर्नुपर्ने,नियम १०४ बमोजिम बरबुझारथको प्रमाण अनुसुची १८ बमोजिमको ढाँचामा लिनुपर्ने व्यवस्था छ।तत्कालिन गाँउपालिका अध्यक्ष श्री दिनानाथ गौतमले आफ्नो कार्यकाल समाप्त पछि बरबुझारथ नगरेकोले कार्यालयको अभिलेख अनुसार Dell i5 मुल्य रु ९०२६५।४८ बरावरको ल्यापटप बरबुझारथ भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,२६५.४८ |

## २५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै महालेखानियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण निर्देशिकामा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने समेत उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा प्रत्येक त्रैमासिकमा नगराई वार्षिक रुपमा एक पटक गराई प्रतिवेदन गरेको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

## २६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखे पनि अध्यावधिक नगरेको र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रुपमा राखेपनि पूर्णरुपमा राखेको पाइएन ,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
- उपभोक्ता समितिबाट गरिएका निर्माण कार्यको काम शुरु हुनु भन्दा पहिलेको र निर्माण कार्य सम्पन्न पछिको फोटो केही योजनामा संलग्न गरेपनि अधिकांसमा गरेको पाइएन,
- उपभोक्ता समितिवाट गरेका निर्माण कार्यको गुणस्तर परीक्षण सुनिश्चित हुनेगरी अनुगमन परीक्षण हुनुपर्ने,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु

पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार पाइएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- वागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनुसुची ५ को ढाँचामा कर्मचारीको कार्यविवरण तयार गरी लागु पाइएन,
- म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर ेक ो पाइएन ,
- वडामा सिफारिस दस्तुर चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश भएन,
- प्रदेश आर्थिक ऐन २०८० को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.९ कादरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङ्कन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन ।

२७ **सेवा प्रवाहः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | **१७३४** |
| जन्मदर्ता | ८८५ |
| मृत्युदर्ता | २९२ |
| बसाईसराई दर्ता | ४ |
| विवाह दर्ता | ४४२ |
| सम्बन्धविच्छेद दर्ता | ४४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३.५ कि.मि. |
| ग्राभेल सडक मर्मत | ६ कि.मि. |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनु पर्ने र पुर्वाधार विकास तर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

२८ **वित्तिय प्रतिवेदन**

२८.१ **एकीकृत आयव्यय-** पालिकाको आर्थिक बर्ष २०८०।८१ को एकीकृत आय व्यय निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | **१०७५००९०९.२** | **१** | **चालुखर्च** | **३५७५८३७९२.८२** |
| | स्थानीय तह संचितकोष | १००७६६०२५.३३ | २ | **पूँजीगत खर्च** | **११३४९१००१** |
| | धरौटी | ४२३९५९४.४७ | **३** | **धरौटी फिर्ता** | **५१४४००** |
| | विविध कोष | २४०११६२.६६ | **४** | **अनुदान फिर्ता** | **४१०८७७५९.३९** |
| | प्रकोप कोष खाता | ९४१२६.७४ | **५** | **विविध खर्च खाता** | **१६५९०३६४** |
| २ | **राजस्व ( आन्तरिकआय )** | **९९३९०५३३.९३** | ६ | **विषयगत निकायको खर्च** | **१४०८६११८९** |
| | क)आन्तरिक राजस्व | ८१५९७३६.१६ | | क) सामाजिक सुरक्षा तथा संरक्षण | १३८२९६१८९ |
| | ख)संघीय राजस्व बाँडफाँड | ६७९९७०८९.७४ | | ख)स्वास्थ्य सुधार कार्यक्रम | २५६५००० |
| | ग)प्रदेशराजस्व बाँडफाँड | २०५६९३८०.०३ | **७** | **मौज्दात** | **१२७०३४४३८.४** |
| | घ) स्थानीय राजस्व बाँडफाँड | २६६४३२८ | | क) स्थानीय तह संचित कोष | ११६०५९७००.०५ |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | **३७९६६७६९४** | | ख)धरौटी | ६७२१९२८.४७ |
| | क)वित्तीय समानीकरण अनुदान | ८१८४०००० | | ग) विविध खर्च खाता | १७५७५२०.४८ |
| | ख)सशर्त अनुदान | २९२८२७६९४ | | घ) प्रकोप व्यवस्थापन कोष खाता | ९४१२६.७४ |
| | ग)समपूरकअनुदान | ५०००००० | | ङ) विविध कोष | २४०११६२.६६ |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **४८३९८०००** | | | |
| | क)वित्तीय समानीकरण अनुदान | ८२१२००० | | | |
| | ख)सशर्त अनुदान | २३१८६००० | | | |
| | ग)समपुरकअनुदान | १००००००० | | | |
| | घ)विशेष अनुदान | ७०००००० | | | |
| **५** | **विषयगत निकायबाट प्राप्त** | **१४०८६११८९** | | | |
| | क)सामाजिक सुरक्षा तथा संरक्षण | १३८२९६१८९ | | | |
| | ख)स्वास्थ्य सुधार कार्यक्रम | २५६५००० | | | |
| ६ | **विविध खर्च खाता आय** | **१८३४७८८४.४८** | | | |
| | क)सडक बोर्ड तथा जि.स.स. | १५६२७८८१.४८ | | | |
| | ख)गृहणी महिला कार्यक्रम | १३५१९७६ | | | |
| | ग) सि एम सी नेपाल | १३६८०२७ | | | |
| ७ | **धरौटी आय** | **२९९६७३४** | | | |
| | **जम्मा** | **७९७१६२९४४.६१** | | **जम्मा** | **७९७१६२९४४.६१** |

२८.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० ०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिकसङ्केत | विवरण | टिप्पणीनं | चालुआ.ब.को कारोबार | | | गतआ.ब. कोकारोबार |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | जम्मा |
| | राजस्व, अनुदानरअन्यप्राप्ति | | | | | |
| ११००० | कर | | ९,१५,४०,३६७.३५ | ० | ९,१५,४०,३६७.३५ | ५,२९,५३,१७४.०४ |
| १३००० | अनुदान | | ३८,६९,७७,९३४.६१ | ० | ३८,६९,७७,९३४.६१ | ४०,१३,०७,४९१.९८ |
| १४००० | अन्य राजस्व | | ८१,८१,२६८.५७ | ० | ८१,८१,२६८.५७ | ६६,७५,६९२.०४ |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० | ३९,६१५.०० |
| ३३३४३ | विज्ञापन कर | | १००. | ० | १००. | ० |
| क | **कुलजम्माप्राप्ति** | | ४८,६६,९९,६७०.५३ | | ४८,६६,९९,६७०.५३ | ४६,०९,७५,९७३.०६ |
| ३ | चालु | | ३५,७५,८५,७८४.८२ | ० | ३५,७५,८५,७८४.८२ | ३४,७६,४१,९८९.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | | २५,५३,९९,१६८.३९ | ० | २५,५३,९९,१६८.३९ | १९,१०,३०,९८५.३३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,५१,४७,०५०.४३ | ० | ७,५१,४७,०५०.४३ | ११,३१,७१,८५१.१२ |
| २५००० | सहायता (Subsidy) | | १,९०,१९,९८६.०० | ० | १,९०,१९,९८६.०० | ३,५७,६०,८४२.०० |
| २७००० | सामाजिक सुरक्षा | | ७८,९२,३८०.०० | ० | ७८,९२,३८०.०० | ७४,८३,७११.०० |
| २८००० | अन्यखर्च | | १,२७,२००.०० | ० | १,२७,२००.०० | १,९४,६००.०० |
| ४ | पूंजीगत | | ११,३४,९१,००१.०० | ० | ११,३४,९१,००१.०० | १६,५२,०८,२८४.७४ |
| ३१११० | भवन तथा संरचना | | २,७७,९८९.०० | ० | २,७७,९८९.०० | ० |
| ३११२० | सवारी साधन, मेशिनरीऔजार, फर्निचर्स तथा फिक्चर्स | | ५३,६६,६८६.०० | ० | ५३,६६,६८६.०० | १,२९,२७,७८५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १,०३,४५,८५८.०० | ० | १,०३,४५,८५८.०० | ३९,५७,८८६.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,७५,००,४६८.०० | ० | ९,७५,००,४६८.०० | १४,१२,१९,४७६.७४ |
| ३१४४० | अपृष्य सम्पत्ती प्राप्ती खर्च | | ० | ० | ० | ७१,०३,१३७.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४७,१०,७६,७८५.८२ | | ४७,१०,७६,७८५.८२ | ५१,२८,५०,२७४.१९ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १,५६,२२,८८४.७१ | | १,५६,२२,८८४.७१ | (५,१८,७४,३०१.१३) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको** | | (२५,२६,५४१.०२) | | (२५,२६,५४१.०२) | २४,८८,०५७.३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **मौज्दातको थप/घट (+/-)** | | | | | |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | -१,९९२.०० | | -१,९९२.०० | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | १,३०,९६,३४३.६९ | | १,३०,९६,३४३.६९ | (४,९३,८६,२४३.७४) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | ११,४०,०७,१०९.६१ | | ११,४०,०७,१०९.६१ | १६,३३,९३,३५३.३५ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १२,७१,०३,४५३.३० | | १२,७१,०३,४५३.३० | ११,४०,०७,१०९.६१ |

२८.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १३८२९६१८९।००, स्वास्थ्य कार्यक्रमको रु. २५६५०००।००, समेत रु. १४०८६११८९।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार एकीकृत वार्षिक प्रतिवेदन ( म.ले.प.फा.न. २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२८.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-०१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६५०६२००।४१ यस वर्षको प्राप्ति रु.१८४७६९४८३।००, यस वर्षको भुक्तानी रु. १८२५१०६६४।३९ र बैंक मौज्दात रु.६९०१४।९० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-०१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकिकृत आ.वि. | १०७५००९०९.२ | ६७१४६९१५३.९३ | ६५३५८७४५०.२१ | **१२७०३४४३८.४०** |
| सुत्र | ११,४०,०७,१०९.६१ | ४८,६६,९९,६७०.५३ | ४७,१०,७६,७८५.८२ | १२,७१,०३,४५३.३० |
| फरक | ६५०६२००।४१ | १८४७६९४८३।४० | १८२५१०६६४।३९ | ६९०१४।९० |

२८.५ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१५५०३११२१.०० मौज्दात रहेकोमा यो वर्ष रु.१०७५००९०९.२० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४७५३०२११।८० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२८.६

**बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| सिनं | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | ११,६०,५९,७००.०५ | ११,६०,५९,७००.०५ | ० |
| २ | आन्तरिक अनुदान खाता | ७१००६।९० | ० | ७१००६।९० |
| ३ | चालु खर्च खाता | -१९९२ | ० | -१९९२ |
| ४ | पुँजीगत खर्च खाता | ० | ० | ० |
| ५ | विविध खर्च खाता | १७५७५२०।४८ | १७५७५२०।४८ | ० |
| ६ | प्रकोप व्यवस्थापन खाता | ९४,१२६.७४ | ९४,१२६.७४ | ० |
| ७ | स्थानीय विभाज्य कोष | ० | ० | ० |
| ८ | विविध कोष खाता | २४,०१,१६२.६६ | २४,०१,१६२.६६ | ० |
| ९ | धरौटी | ६७२१९२८।४७ | ६७२१९२८।४७ | |
| १० | ग१.१,आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ११ | ग१.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| | जम्मा | १२७१०३४५३।३० | १२७०३४४३८।४० | ६९०१४९।९० |

२८.७ **दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको दायित्व रु. १,९९२.०० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९२ |

२८.८ **घटी मौज्दातः** पालिकाले पेश गरेको बैंक हिसाब विवरण अनुसार स्रेस्ता मौज्दात रु. १२७१०३४५३.३० देखिएकोमा एकीकृत आयव्ययमा रु. १२७०३४४३८.४० देखिएकोले स्रेस्तामा भन्दा रु.६९०१४.९० घटी मौज्दात देखाएको सम्वन्धमा एकीन हुनुपर्दछ।

२८.९ **नगद मौज्दातः** सुत्रको अनुसुची २७० को ६.२ मा रु.७१००६।९० नगद मौज्दात देखिएकोले उक्त रकम सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्दछ ।

२९ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविधतर्फ रु.९६५२९९।०० खर्च गरेकोमा सो मध्ये इन्धन, कार्यक्रम, कार्यालय मालसामान, गाडी मर्मत, ढुवानी, बैठक भत्ता, आर्थिक सहायता लगायतमा रु.४९८२६७।०० र खाना खाजामा रु.४६७०३२।०० खर्च लेखेको छ। खाना खाजा रकम आन्तरिक आय रु.१०८२४०६४।१६ को तुलनामा ४.३१ प्रतिशत रहेको छ। कार्यविधि र मापदण्ड बेगर भएका यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

३० **धरौटी बढी फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९५०००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ८१५९७३६.८६ अर्थात अनुमान भन्दा १४.११ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्न थप स्रोतको खोजी गर्नु जरुरी देखिन्छ ।

३२ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ५०,०००.०० | २,३५३.०८ |
| २ | ११३१४ | भुमिकर/मालपोत | २५,००,०००.०० | ९,०९,९३९.७२ |
| ३ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ६,०००.०० |
| ४ | ११३१७ | वहाल कर | ३,००,०००.०० | ३,२९,४०७.०० |
| ५ | ११३१८ | वहाल विटौरी कर | ५०,०००.०० | ० |
| ६ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १०,०००.०० | ० |
| ७ | ११६९१ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५,०००.०० | १०,०००.०० |
| ८ | १४२१८ | ११४७२ - बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ३,०००.०० |
| ९ | १४२१९ | ११४७९ - अन्य मनोरञ्जन कर | १०,०००.०० | १,०००.०० |
| १० | १४२२१ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १२,०००.०० |
| ११ | १४२२४ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०,०००.०० | ६,९९४.०० |
| १२ | १४२२९ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | १०,०००.०० | ० |
| १३ | १४२४२ | ११६९१ - अन्य कर | १०,०००.०० | १४,३४,९८७.५४ |
| १४ | १४२४३ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०,०००.०० | ० |
| १५ | १४१९१ | पर्यटन शुल्क | ५,०००.०० | ० |
| १६ | १४१९२ | पदयात्रा शुल्क | ५,०००.०० | ० |
| १७ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० | ० |
| १८ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ६२५. |
| १९ | १४२१६ | निजी धारा वापतको शुल्क | ५,०००.०० | ० |
| २० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | १५,०००.०० |
| २१ | १४२२१ | न्यायिक दस्तूर | ५,०००.०० | ० |
| २२ | १४२२४ | परीक्षा शुल्क | ३०,०००.०० | ३६,०००.०० |
| २३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७,००,०००.०० | ४,२२,९४५.२४ |
| २४ | १४२४२ | नक्सापास दस्तुर | २,००,०००.०० | ० |
| २५ | १४२४३ | सिफारिश दस्तुर | १५,००,०००.०० | १३,७७,३७९.०० |
| २६ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०,००,०००.०० | ७,२१,७९६.०० |
| २७ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५,००,०००.०० | २,८८,०३७.०० |
| २८ | १४२४९ | अन्य दस्तुर | ५०,०००.०० | १९४७१०२.९७ |
| २९ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७,००,०००.०० | ४,४७,२००.०० |
| ३० | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०,०००.०० | ० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १०,०००.०० | ० |
| ३२ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ७,००,०००.०० | १,४८,६१९.९३ |
| ३३ | १४३१३ | धरौटी सदरस्याहा | १,००,०००.०० | ० |
| ३४ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ५,०००.०० | ० |
| ३५ | १४५२९ | अन्य राजस्व | ३०,०००.०० | ३९,०००.०० |
| ३६ | १४६११ | व्यवसाय कर | ३,००,०००.०० | २५०. |
| ३७ | १५१११ | बेरूजू | ५,००,०००.०० | ० |
| ३८ | ३३३४३ | विज्ञापन कर | ० | १००. |
| जम्मा | | | ९५००००० | ८१५९७३६.४८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। साथै स्वीकृत म.ले.प.फा.नं. नराखेको र प्राप्त हुनुपर्ने राजस्व तथा प्राप्त भएको राजस्व सम्वन्धी परीक्षण भिडान गर्ने पद्धती नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्वन्धमा यकिन हुन सकिएन ।

३३ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८१७७३५१३ | १०८२४०६४.१६ | २.२५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **ठेक्का बन्दोवस्त**

नदिजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ (संशोधन २०७७ समेत) को दफा ८ (१) सम्बन्धित स्थानिय तहले आफ्नो क्षेत्र भित्र पर्ने नदिजन्य पदार्थ बिक्रीवितरण गर्न सार्वजनिक सुचना जारी गरि प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गरी बिक्री वितरण गर्ने व्यवस्था छ । वातावरणीय परीक्षण प्रतिवेदन तयार भइसकेको अवस्थामा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्म ठेक्का बन्दोबस्त गर्ने गरि समयमा बोलपत्र सुचना आव्हान गर्नुपर्ने, बोलपत्र पर्न नआएमा तिनपटकसम्म बोलपत्र सुचना IEE मा तोकेको पुरै परिमाण ठेक्का लगाउने गरि सुचना समेत आव्हान गर्नुपर्दछ । यस वर्ष पालिकाले दोभानटार बगर, क्षेत्रबाट संकलन र विक्री हुने नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, रोडा आदी ) ३१४६५।७९ घनफिटको न्युनतम अंक रु.३१२७९३।९२(मु.अ.कर बाहेक) कायम गरी सुचना प्रकाशन गरेकोमा न्युनतम अङ्क भन्दा घटि विड परेकोले ठेक्का रद्ध गरेकोमा पुनः उक्त दोस्रो र तेस्रो पटक सूचना आव्हान समेत गरेको देखिएन । अतः पुन सूचना आव्हान नगरेको कारण स्पष्ट पार्नुपर्दछ ।

३५ **अमानतबाट असुली नगरेको**

नदिजन्य पदार्थसम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ (संशोधन २०७७ समेत) को व्यवस्था बमोजिम ठेक्का पट्टाको ३ पटक सुचना प्रकाशन गर्दा समेत बिड पर्न नआएमा राजश्व परामर्श समितिको सिफारिसमा नगरपालिकाबाट निर्णय गराइ IEE गरेको सबै खोलाको क्षेत्रको अमानतबाट संकलन तथा बिक्री गर्न कर्मचारी खटाउने र निश्चित स्थानबाट बिक्री गर्न मिल्ने गरी अमानतबाट राजश्व

संकलन गर्ने केन्द्र तोकी निर्णय गर्ने र चोरी निकासी रोक्न पुरस्कार एवं दण्ड जरिवानाको यथोचित व्यवस्था गर्नुपर्दछ।यस वर्ष IEE प्रतिवेदन बमोजिम राजश्व परामर्श समितिको सिफारिस बमोजिम कार्यपालिकाको निर्णयले ठेक्का नलागेका क्षेत्रमा अमानतबाट संकलन गर्ने निर्णय गरेको देखिएन।अत ठेक्का नलागेका दोभानटार वगरक्षेत्रको न्यूनतम अंक रु.३१२७९३।९२ (मूल्य अभिवृद्धि कर वाहेक) अमानतबाट नउठाएकोले पालिकाको आम्दानीमा असर परेको देखियो। अतः IEE गरेका तर ठेक्का नलागेको बगर क्षेत्रको अमानतबाट असूली गर्नुपर्दछ ।

३६ **राजश्व वाँडफाँडः**

स्थानिय सरकार संचालन ऐन,२०७४ को साबिक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टि र बालुवाको करमा प्रदेश तथा स्थानिय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरि स्थानिय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरि बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा संघीयय आर्थिक ऐन २०७५ द्धारा खारेज गरि दफा ६२(क) थप गरेर स्थानिय तहहरुले गिट्टी, ढुङ्गा, बालुवा बिक्रि गरि प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८० को दफा ९(४) मा संघीय कानुनसंग बाझिने गरि ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०८० को दफा ९(६) बमोजिम स्थानिय विभाज्य कोषमा जम्मा भएको रकम बाडफाड गरी साठी प्रतिशत स्थानीय संचित कोष र चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरि संघिय मन्त्री परिषदले ढुङ्गा, गिट्टि, बालुवा उत्खन्न, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारि गरि गिट्टि, ढुङ्गा, बालुवा बिक्रि बापतको राजश्व स्थानियले संकलन गरि प्रदेश र स्थानिय तहबिच क्रमशः ४० र ६० प्रतिशत हुने गरि बाडफाड हुने व्यवस्था गरेको छ जुन स्थानिय सरकार संचालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ । नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल आदि ) दहत्तर वहत्तर शुल्क वापत रु. ६००२०००।०० (मू अ कर वाहेक) संकलन भएकोमा सोको ४० प्रतिशत हुने रु. २४००८००।०० प्रदेश संञ्चित कोषमा पठाउनु पर्नेमा रु.२००८६९६।०० पठाएकोले रु.३९२१०४।०० पठाउन वाँकी देखिन्छ ।

३७ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४,४७,२००.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३८ **घाटगद्दी र अर्धकट्टी**

आन्तरिक आय अन्तरगतको ठेक्कामा नदीजन्य पदार्थ (ढुङ्गा, गिटी. ग्रामेल, वालुवा, रोडा , दस्कट, मस्कट, माटो) आदिको उत्खनन, संकलन तथा निकासी कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरि निकासीगर्न दिनुपर्नेमा यस वर्ष सुनकोशी नदिका खहरे वेशी बगर क्षेत्रमा अनुमानित न्यूनतम अंक रु.४०७५२३७।८८ टिमरिनि बगर (मैसाद) बगर क्षेत्रमा न्यूनतम अंक रु ६७६३९७।७७, निमपाईलो बगर क्षेत्रमा अनुमानित न्यूनतम अंक रु ८९२६०७।०४ जम्मा रु.५६४४२४२।६९ को ६२७१३८.०८ घनफिट परिमाण ठेक्का बन्दोबस्त भएकोमा रु.६००२०००।०० ( मूल्य अभिवृद्धि कर वाहेक) असुली भएको पाईयो । तर उक्त ३ वटै बगर क्षेत्रबाट घाटगद्दी नगरी नदिजन्य पदार्थ संकलन तथा विक्री भएको कति परिमाण संकलन भई विक्रि वितरण एंवम निकासी भयो एकिन गर्न सक्ने अवस्था देखिदैन। अतः घाटगद्दि गरी नापजाँच पश्चात विक्रि गर्नुपर्दछ। साथै रसिद नियन्त्रण खाता राखि भिडान गर्न सकिनेगरी अर्धकट्टीको अभिलेख राख्ने र भिडान गर्ने पद्वती हुनुपर्दछ ।

३९ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| आ.व. | कार्यक्रमको नाम | स्वीकृत बजेट | खर्च रकम | आयोजना लागत |
|---|---|---|---|---|
| ०७८।<br>७९ | झुलेगुम्पाटी खा.पा आयोजना | २००००० | १७३,९५६.२५ | १७३,९५६.२५ |
| | काजीथुम्का भ्यु टावर | ५००००० | ४०२,१९४.२१ | ४०२,१९४.२१ |
| ०७९।८० | छेडागुम्पाटी सानो वाङ्गली ठुलो वाङ्थली दुति चौरीखोला बगर सडक (सेक्सन १) र ढाडखर्कगोठपानी लामाटोल जोगीडाडा विर्तादिउराली वार्ड अफिस लोकमार्ग (सेक्सन २) | १७००००० | १,६६८,१४४.३८ | १,६६८,१४४.३८ |
| | व्यावसायिक कृषि तथा पशुपालन बृहत परियोजना | ५००००० | ४३७,६००.०० | ४३७,६००.०० |
| | धुशेनी शिवालय स्वास्थ्य चौकीको १५ शैयाको अस्पतालको विस्तृत इन्जिनियरिङ सर्वेक्षण माटो अनुसन्धान, विस्तृत डिसिङ र प्रतिवेदन तयारी | १७००००० | १,६०७,५००.०० | १,६०७,५००.०० |
| | भङ्याङ भ्यू टावर पलेवन ढोकेडाडा सारेपोखरी पाथीभरा पर्यटन क्षेत्र विकास अध्ययनको डीपीआर तयारी | ९००००० | ८५४,१००.०० | ८५४,१००.०० |
| | गाउँपालिकाकोभवनका लागि | ९००००० | ८६०,७००.०० | ८६०,७००.०० |
| | प्रशासनिक भवनको माटो अन्वेषण कार्य | ५००००० | ४३८,०००.०० | ४३८,०००.०० |
| | गाउँपालिकाको रोजगार रणनीति निर्माण | ५००००० | ४४,२४७.७८ | ४४,२४७.७८ |
| | गाउँपालिकाकोपर्यटन गुरुयोजना | १०००००० | ८८४,९५५.७५ | ८८४,९५५.७५ |
| ०८०।८१ | वडा कार्यालय वडा नं०३ को भवनको डि पि आर(DPR) तयार पार्ने कार्य | ५००००० | ४३७,४१५.०० | ४३७,४१५.०० |
| | भूमेस्थान माध्यमिक विद्यालयको विस्तृत वास्तुकला र इन्जिनियरिङ (A/ E) डिजाइन , रेखाचित्र , कार्य र DPR तयारी | ५००००० | ४३८,०९७.०० | ४३८,०९७.०० |
| | कात्तिके देउराली बोक्से लोकमार्ग सडक (DPR) | ५००००० | ४९३,३०१.२२ | ४९३,३०१.२२ |
| | विस्तृत इन्जिनियरिङको तयारी सडक खण्ड खारेघाट-बिर्तादिउराली-गोठपानी-धाडखरका भञ्याङ-वाङथली-नाग्रे सडकको सर्वेक्षण र विस्तृत डिजाइन | १४००००० | १,३११,६७४.०० | १,३११,६७४.०० |
| | टासी कुन्सालिङ गुम्बा डिपिआर | ५००००० | ४३४,२००.०० | ४३४,२००.०० |
| | लौरेदेउरालीदेखि ठूलो बंगथली सडकको विस्तृत परियोजना प्रतिवेदन | ५००००० | ४३७,४००.०० | ४३७,४००.०० |
| | चौरेदेउराली नगरपालिकामा रहेको सारे पोखरी रंगशालाको गुरुयोजनाको विस्तृत परियोजना प्रतिवेदनको तयारी | ७०००००० | ६१२,३००.०० | ६१२,३००.०० |
| | चौरदेउराली गाउँपालिकाको सूचना सञ्चार तथा प्रविधि | १०००००० | ८७९,२००.०० | ८७९,२००.०० |

| | | | | |
|---|---|---|---|---|
| | (ICT) रोडम्याप विकास योजनाको तयारी | | | |
| | प्रतिवेदन काभ्रेपलाञ्चोकको चौरिदेउराली गाउँपालिकाको ग्रामीण नगरपालिका यातायात गुरुयोजना (RMTMP) को तयारी | १३००००० | १,२६५,४००.०० | १,२६५,४००.०० |
| | काभ्रेपलाञ्चोकको चौरिदेउराली गाउँपालिकाको धुलाई योजनाको तयारी (CDRM/ WASH/ CS/ 01/ 2080/ 01) | २०००००० | १,७५४,६४०.०० | १,७५४,६४०.०० |
| | चौरिदेउराली गाउँपालिका कार्यालय भवनको DPR तयारीको सम्भाव्यता अध्ययनको तयारी | १००००० | ८६,७२५.०० | ८६,७२५.०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । बाह्य जनशक्तिवाट गर्नुपर्ने भएमा प्याकेजिकङ्ग गरी प्रतिस्पधात्मक तरिकाले खरिद गर्नुपर्दछ। साथै प्रतिवेदन पाम्समा आम्दानी समेत नभएकालेआम्दानी बाधेको प्रमाण पेश गर्नुपर्दछ।अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी कार्यान्वयनमा लौजानुपर्दछ।

४० **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु. ११३४९१००१.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४१ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटि कार्य भई तोकिएको कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित नहुने र घटि खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्टाई खुलाउनुपर्छ।

४२ **अस्पताल भवन निर्माण:**

अस्पताल भवन निर्माण कार्य लागत अनुमान रु २२४९३१२७०।४६ स्वीकृत ठेक्का न CDRM/WORKS/NCB/HP/11/079-80 बाट ०७९।०८० मा सूचना प्रकाशन बोलपत्र आव्हान गरी मिती २०८३।२।६ मा कार्य सम्पन्न गर्ने गरी रु १६१५१६०५९।७३ मु.अ.कर पि.एस. समेतमा निर्माण व्यवसायी एल.जि.ए. हिमाल एम.एस. कन्स्ट्रक्सन जे.भी. सँग मिति २०८०।८।६ खरिद सम्झौता भएकोमा देखिएका व्यहोरा देहायका छन्र।

४२.१ **वित्तिय र भौतिक प्रगतिः** निर्माण व्यवसायीले सम्झौता बमोजिमको कार्य सम्पन्न गर्ने लाग्ने अवधिको कार्यतालिका तयार गरी कार्याव्ययन गर्नुपर्दछ। लेखापरीक्षण अवधि २०८१।८।३० सम्म खरिद सम्झौता को ४० प्रतिशत समय व्यतित हुँदा समेत वित्तिय प्रगति शुन्य रहेको

र भौतिक प्रगति मापन भएको छैन।समयमै भौतिक प्रगति एवं वित्तिय प्रगति हासिल गर्नुपर्दछ।अत तोकिएको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्ने अवधि सम्मको कार्यतालिका पेश गरि प्रगति हासिल गर्नुपर्दछ।

४२.२ **स्रोत सुनिश्चितता नभएको**:सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(५) बमोजिम सार्वजनिक निकायले बहुवर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम २ को खण्ड क बमोजिम अन्य वर्षको लागि खरिद कारवाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चिता गरेर मात्र खरिद कारवाहि सुरु गर्नुपर्ने व्यवस्था छ।यसै गरी सोहि नियमको उपनियम २ क बमोजिम बहुवर्षिय खरिद सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षका लागि आवश्यक बजेट व्यवस्था भएपछि अन्य वर्षका लागि खरिद कारवाही गर्न सकिने व्यवस्था छ। अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता गरेको प्रमाण पेश नभएको र आर्थिक वर्ष २०७९।८० मा बजेट व्यवस्था नभएको अवस्थामा समेत खरिद प्रक्रिया शुरु गरेको देखियो। बजेट व्यवस्था नभएको अवस्थामा खरिद कारवाही सुरु गरेकोमा हाल सम्म पेश्की र रनिङ बिल भुक्तानी गरेको देखिएन । अतः निर्माण कार्य सम्पन्न गर्न लाग्ने स्रोत सुनिश्चित गरी वजेट विनियोजन हुनुपर्दछ ।

४३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको गत विगतको पेश्की रु.४४,७५,५५०.०० तथा यस वर्षको रु.४९,२१,३२९.०० समेत आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ९३,९६,८७९.० बाँकी रहेको देखिन्छ । सो मध्ये यस वर्ष निम्नानुसारको म्याद नाघेको पेश्की रु.४९,२१,३२९.०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने देखिएको रु

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ४९,२१,३२९ |

४४ **पूर्व निर्धारित क्षतिपुर्ति** (३४। ३४०-२०८१-३-२४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **९६,५३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **ठेक्का अधुरो :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेश्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने लगायतका व्यवस्था छ। विर्ता देउराली हुँदै दारिमबोट बोक्छे सडक ठेक्का नम्बर CDRM।WORKS।NCB।02।०80।81 हिमज्योति निर्माण सेवासँग रु.९८४८९५६।८६ ( कन्टीजेन्सी वाहेक) को लागत अनुमानका आधारमा बोलपत्रको माध्यमबाट सूचना आव्हान गरी सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी सँग मिति २०८१।०१।१५ मा काम सम्पन्न गर्ने गरी रु.८३८११८९।१० समेतमा समेतमा सम्झौता भएको देखियो। निर्माण व्यवसायीले सडक निर्माण कार्य समय सीमा भित्र सम्पन्न नगरेको र दोस्रो रनिङ बिल सम्म रु.३७६०१३२।०० मुअकर पिएस बरावरको कार्य भएपनि लागत अनुमानको तुलनामा रु.६०८८८२४।८६ बरावरको कार्य अझै हुन बाँकी देखिन्छ। निर्माण व्यवसायीले कबोल गरेको अङ्कका आधारमा ४४.८६ प्रतिशत भौतिक एवं वित्तिय प्रगति भएतापनि निर्माण कार्य सम्पन्न नभएकोमा निर्माण व्यवसायीले अवधि थपका लागि निवेदन दिएको देखिएन। अतः नियमअनुसार अवधि थप गरी निर्माण कार्य सम्पन्न हुनुपर्ने अन्यथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा खरिद सम्झौता वमोजिम तोकेको प्रक्रिया पुरा गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

४६ **प्राविधिक पुष्ट्याई र भेरियसन नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(१) बमोजिम खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकेको स्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २ (ख) बमोजिम भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याइ र कारण खोली भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस वर्ष देहायको खरिद सम्झौतामा केहि आइटम सम्झौता परिमाण भन्दा घटि बढी कार्य सम्पादन गरेकोमा प्राबिधिक पुष्ट्याइ र कारण खोली भेरिएशन आदेश जारी नगरेकोले नियम सम्मत नदेखिएको रू...

| योजना | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यस्वीकार रकम | घटि परिणाम संख्या | बढी परिमाण सङ्ख्या | फरक रकम |
|---|---|---|---|---|---|---|
| ढाँडाखर्क भञ्जयाङ् मानेडाँडा ठुला पधेरा सडक स्तरोन्नती | दिपज्योति निर्माण सेवा प्राली | १००११९९२ | ९१४५८६५ | ८ | १ | ८६६१२६ |
| गुरुङ मारङ्ग ओलाङ्क खानेपानी आयोजना नाग्रे | जिम्मे विल्डर्स प्रा लि | ५५५८८९४ | ५४१०५२२ | ९ | ६ | १४८३७२ |
| काफ्ले खेल मैदान निर्माण | ईपिक विल्डर्स प्रालि | ८८५८१९० | ८५०२६९३ | ७ | ५ | ३५५४९७ |
| काफ्ले खेल मैदान निर्माण प्याकेज २ | शेलुङ्गेश्वरी चौरीखोला कन्सट्रक्सन प्राली | २३४८१९४ | २१२६९५४ | २ | ० | २२१२४० |
| १ नं वडा कार्यालय भवन | विर्ता कन्स्ट्रक्सन | ६०७३२१९ | ५८६९३५६ | ५ | ९ | २०३८६३ |
| २ नं वडा कार्यालय भवन निर्माण | | ५७१९९८७ | ५६१५८४० | ७ | ६ | १०४१४७ |
| जम्मा | | | | | | **१८९९२४५** |

| | |
|---|---|
| अनियमित भएको | १८,९९,२४५ |

४७ **पूर्व निर्धारित क्षतिपुर्ति** (१२।३१-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। विर्ता देउराली हुँदै दारिमवोट कार्तिके देउराली बोक्छे सडक स्तरोन्नती ठेक्का नम्बर CDRM।WORKS।NCB।02।080।81 हिमज्योति निर्माण सेवासँग मिति २०८१।०१।१५ भित्र काम सम्पन्न गर्नेगरी रु ७४२६९१९।७१ (मुल्य अभिवृद्धि कर बाहेक) मा संम्झौता भएकोमा यस आर्थिक वर्ष २०८०।०८१ मा रु ३७६०१३३।३१ वरावरको कार्य सम्पन्न गरी भुक्तानी गरेको देखियो।निज निर्माण व्यवसायीले खरिद सम्झौताको लागि अवधि थप गर्न निवेदन नदिएको र पालिकाले म्याद थप समेत गरेको देखिदैन । निज निर्माण व्यवसायीका कारण समयमा कार्य सम्पन्न नभएकोले पूर्व निर्धारित क्षतिपुर्ति असुली गरेको देखिएन।अत निर्माण कार्य सम्पन्न गर्न लाग्ने अवधिको पूर्व निर्धारित क्षतिपूर्ति एकिन गरी लिनुपर्ने र यस आर्थिक बर्षमा निर्माण कार्य नसकिएकोले २०८१।०१।१५ देखि २०८१ असार मसान्त सम्म शुन्य दशमलब पाँच प्रतिशतका दरले हुने प्रतिदिन रु ३७१३।४६ का दरले ७९ दिनको रु २९३३६३.०० पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९३,३६३ |

४८ **क्षति मुल्याङ्कन नभएको :**

सार्वजनिक अरिद नियमावली २०६४ को नियम ११२ (१) (घ) बमोजिम निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुन सुकै कारणबाट त्रुटि सच्चाउने दायित्वको अवधि प्रराम्भ हुने भन्दा अगाडिको अवधिसम्म उत्पन्न भएको कुनै कारणबाट त्रुटि सच्चाउने अवधिमा भएको कुनै हानी नोक्सानीमा निर्माण व्यवसायीको दायित्व हुने उल्लेख छ। खरिद सम्झौताको शर्तमा रहेर त्रुटि सच्चाउने अवधि ३६५ दिन हुने उल्लेख छ।मिति २०८१ आश्विन १०।११ र १२ गते परेको अविरल वर्षाका कारण बाढि पहिरोले पुर्वाधार संरचनाका केहि अंश भासिएको, पुरिएको तथा भत्किएकोमा तत्काल अवरुद्ध सडक खुलाउने कार्य गरिएता पनि क्षति नोक्सानीको त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको क्षति मूल्याङ्कन गरी निर्माण व्यवसायीलाई त्रुटि सच्चाउन पत्राचार नभएको , निर्माण व्यवसायीले क्षति विवरण माग गरी विमा

कम्पनीमा दावी गरेको देखिने प्रमाण कागजात लेखापरीक्षणमा पेश भएन। त्यसै गरी पालिकाले त्रुटि सच्चाउने अवधिमा रहेका योजनाको अभिलेख राखि योजनाको अवस्था खुल्ने गरी विवरण तयार गरेको समेत देखिदैन। त्यस्तै गरी त्रुटि सच्चाउने अवधि सम्पन्न भएका योजनाको क्षति एवं अन्य पूर्वाधार संरचनामा भएको क्षतिको मुल्याङ्कन गरी अभिलेख अध्यावधिक हुनुपर्ने र त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको हकमा निर्माण व्यवसायीलाई पत्राचार गरि विमा कम्पनीमा दावी पेश गर्न लगाई निर्माण कार्य गराउनुपर्दछ ।

४९ **सव कन्ट्याक्टरबाट काम गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टर काम गराउन सकिने छैन भन्ने उल्लेख छ । त्यस्तै नियम ९७ (१३ क) वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यमा कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा उक्त समितिसंग सम्झौता रद्ध गरी सो कार्य गर्ने निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका निर्माण कार्य उपभोक्ता समिति आफैले निर्माण कार्य गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीबाट सोहि रकमको हाराहारी कार्य गराएको बिजक समाबेश भएको देखियो। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | मुल्याङ्कन रकम | निर्माण व्यवसायी | विल रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| १२।०८०।०६।२६ | वडाभर सडक मर्मत उपभाक्ता समिति वडा न ७ | ३६०३३६ | सात कम्पाकाली देवी कन्सट्रक्सन | ३६७२५७ | २८७२२० |
| १९।०८०।८।१९ | नाग्रे वडा भरिका सडक मर्मत तथा स्तरोन्नती | ४७७५७३।१४ | आरपि पि कन्सट्रक्सन | ४७७५७८ | ३८१२८४ |
| २०।०८०।०८।२६ | वडाभर सडक मर्मत उपभोक्ता समिति वडा न ५ | ४७५५७६ | हिमाल डेभ्लपर्स एण्ड ट्रेडर्स कन्सट्रक्सन | ४१३०८७।३२ | ३७७६०७ |
| २६।०८०।१०।११ | आकस्मिक सडक मर्मत | ३५५१३४।२० | पिएस के निर्माण सेवा | ३५६२६१।८८ | २७८४१३ |
| ३९।०८०।१०।११ | होल्का छेडा घिमिरेटोल सडक उपभोक्ता समिति | ६०७७२८।७१ | पिएस के निर्माण सेवा | ६१३५०२।७० | ४८०००० |

५० **प्रदेश समपुरक अनुदान**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बुदा नं ४ प्रदेश सरकारले व्यहोर्ने अंश कुल लागतको बढीमा पचास प्रतिशतसम्म रहने तथा बुदा नं ८ मा जुन आयोजना / कार्यक्रमको लागि अनुदान प्रदान गरिएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका २ वटा प्रदेश समपुरक योजना छनौट गरी प्रदेश सरकार र पालिकाको पचास/पचास प्रतिशत साझेदारीमा योजना संचालन भई कार्यसम्पन्न भएकोमा बचत रकम प्रदेश संचित कोषमा दाखिला नगरी सोहि योजनामा पर्ने अर्को चेनेजमा पुन बोलपत्रको माध्यमबाट खर्च गरेको देखियो।अत कार्यविधि अनुसार पुन वोलपत्र गरी अन्य योजनामा खर्च गर्न नमिल्ने भएकोले रु.२०३००२०।०० प्रदेश संञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु...

| गोश्वरा भौचर न मिति | योजना | निर्माण व्यवसायी | सम्झौता अंक | योजनाको मुल्यांकन | योजना खर्चको पचास प्रतिशत र कन्टीजेन्सी सहित खर्च गर्न मिल्ने रकम | प्रदेश समपुरक कोषको खर्च रकम | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| ३४ २०८१।३।२४ | ढाँडाखर्क भञ्ज्याङ मानेडाँडा ठुलीपोखरी सडक | हिम ज्योति निर्माण सेवा | ९९००१३७ | ९१४४८०३ | ४७०९५७३ | ६७३९५९३ | २०३००२० |
| | | | | | | प्रमाण पेश नगरेको | २०,३०,०२० |

५१ **म्याद थप :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

५२ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) , स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८क (५) तथा बागमती प्रदेश स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा ६९(५) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु३३२८३७५०.१८र पालिकाकाको रु १८३३०३९२।२८ समेत रु ५१६१४१४२.४६ तलब शिर्षकमा खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५३ **पदाधिकारी इन्धन सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (दोस्रो संशोधन) ऐन २०७५ अनुसार सेवा सुविधा प्रदान गर्दा तोकिएको अनुसुचीको आधारमा मात्र दिनुपर्ने व्यवस्था रहेको छ । अध्यक्ष तथा उपाध्यक्षलाई इन्धन सुविधा मासिक रुपमा ८० लिटरका दरले बार्षिक ९६० लिटर डिजेल/ पेट्रोल पाउने व्यवस्था छ । कार्यालयमा रहेका २ वटा सवारी साधन मध्ये १ सवारी साधन ढुवानी र फिल्ड प्रयोजनमा प्रयोग हुने र १ वटा सवारी साधन अध्यक्ष तथा उपाध्यक्ष ले प्रयोग गर्ने र दुईजनाले १९२० लिटर सुविधा पाउने हुँदा बढी सुविधा उपलब्ध गराएको १८४८ लिटरको औषत रु.१५२ का दरले रु.२८०८९६।०० बढी खर्च भएको देखियो ।

| सि नं | पदाधिकारी | सवारी साधन | सुविधा परीमाण | सुविधा लिएको परीमाण | बढी खर्च परीमाण | औषत मुल्य | फरक परिमाणको मुल्य |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष/उपाध्यक्ष | स्कर्पियो | १९२० | ३७६८ | १८४८ | १५२ | २८०८९६ |

सो सम्वन्धमा पालिकाले छलफलको क्रममा अतिथि आवतजावत एवं कार्यालय प्रयोजनमा प्रयोग हुने र प्रदेश राजधानी हेटौडा अफिस कामकाजमा बढी जान परेको र भौगोलिक विकटताले बढी खर्च हुन गएको जनाएको छ ।कार्यालयको काम र अतिथिको लागि प्रयोग हुँदा सोहि प्रयोजनमा खुल्ने गरी लगबुक राख्नुपर्ने र प्रमुख तथा उपप्रमुखले प्रयोग गरेको समयमा अलग लगबुक राखी इन्धन खर्चमा नियन्त्रण हुनुपर्दछ ।

५४ **सामानिकरणबाट चालु खर्चः** (११९-२०८०-९-६):

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । तर पालिकाले निम्नानुसारको वित्तीय समानीकरण अनुदानबाट ३३ वटा सामुदायिक विद्यालयहरुलाई रु.११९३१९७।०० शिक्षक बालविकास, विद्यालय कर्मचारी लगायतको तलब तथा भत्ता भुक्तानी, विद्यालय शिक्षक व्यवस्थापन लगायत अन्य चालु प्रकृतीको खर्च भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,९३,१९७ |

५५ **टुक्रापारि खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी दश लाख रुपैयाभन्दा बढिको खरीद एउटै व्यक्ति, फर्म ,कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ । एकै सप्लायर्ससँग एक आर्थिक वर्षमा दश लाख भन्दा बढीको खरिद कोटेशन मार्फत गर्न नपाउने उल्लेख भएकोमा पालिकाले यस वर्ष भेटेरीनरीको औषधि तथा विउविजन लगायतका मालसमान कोटेशन मार्फत एउटै फर्म मार्फत सोझै रू.१३३३७५०।०० को खरिद गरेकोले नियमसम्मत नदेखिएको रु...

| सि न | भौ नं | कार्यक्रम | सप्लायर्स | रकम |
|---|---|---|---|---|
| १ | ३९३ | औषधी खरिद | नेचर भेट सप्लायर्स प्रा लि | ६३२१५० |
| २ | ७९३।०८१।३।१३ | औषधि | नेचर भेट सप्लायर्स प्रा लि | ७०१६०० |
| | | जम्मा | | १३३३७५० |

| | |
|---|---|
| अनियमित भएको | १३,३३,७५० |

५६ **अग्रिम कर घटी कट्टि गरेको:**

आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। अभिमुखिकरण तालिम संचालन गरे वापत देहायका संस्थालाई परामर्श सेवा वापत भुक्तानी गरेकोमा सेवा प्रदायकले कर बिजक पेश नगरेकोले १५ प्रतिशतले अग्रीम कर रु.१४५०२८।०० कट्टा गर्नुपर्नेमा रु.५४९५५।०० कट्टा गरेकोले घटि कट्टा गरेको नपुग कर रकम रु.९०,०७३।०० असुल गर्नुपर्ने रु...

| सि नं | भौ नं र मिति | भुक्तानी लिने | कार्यक्रम | खर्च रकम | १५ प्रतिशतले हुने कर | कर कट्टी | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| १ | १५२-०८०।९।२५ | समृद्विका लागि राष्ट्रिय अभियान | बालमैत्री स्थानीय सम्बन्धी कार्यक्रम | ४९७२५० | ७४५८८ | ११०६० | ६३५२८ |
| २ | १५३-०८०।९।२५ | शासनअग्रसर समाज नेपाल | महिला हिंसा रोकथाम तथा विद्यालयमा किशोरीहरुलाई आत्मरक्षा कार्यक्रम | २४०३०० | ३६०४५ | २४८३० | ११२१५ |
| ३ | १५४-०८०।९।२५ | अग्रसर समाज नेपाल | महिला क्षमता अभिवृद्धि तथा नेतृत्व विकास अभिमुखिकरण तालिम | २२९३०० | ३४३९५ | १९०६५ | १५३३० |
| | | जम्मा | | ९६६८५० | १४५०२८ | ५४९५५ | ९००७३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,०७३ |

५७ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपूर्ति मध्य स्थायी** | **पदपूर्ति मध्ये करार** | **राहात** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|---|
| १ | ३३ | ३०२ | १५० | ६८ | ८४ | २१२८ |

पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:७ रहेको देखिन्छ। अतः शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय मर्ज गर्ने र भौगोलिक कठिनाइले सम्भव नभएकोमा कक्षा संख्या घटाइ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

## ५८ शिक्षक विद्यार्थी अनुपातः

शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ।विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक पदपुर्ती | विद्यार्थी | अनुपात |
|---|---|---|---|---|
| १ | श्री सूर्योदय मावि, सानोवाङ्थली | १६ | ७७ | १:५ |
| २ | श्री तारलामो आवि,सानोवाङ्थली | ८ | ३८ | १:५ |
| ३ | श्रीखाँडादेवी मावि, किल्पु | २२ | १६३ | १:७ |
| ४ | श्री गणेशआवि, दुती | ७ | ४० | १:६ |
| ५ | श्री टाँसीबालविकास आवि, नांग्रे | ४ | २८ | १:७ |
| ६ | श्रीचौरीखोला प्रावि, किल्पु | २ | २१ | १:११ |
| ७ | श्री कालिका मालिका प्रावि, दुती | २ | ५ | १:३ |
| ८ | श्री महाँकाली प्रावि,गगर्चे | २ | १३ | १:७ |
| ९ | श्री बुध्द हिमालय मावि,माझीफेदा | १८ | १५० | १:८ |
| १० | श्रीकिरणोदय आ वि, माझिफेदा | ८ | २६ | १:३ |
| ११ | श्री सुर्य हिमालय आवि,माझिफेदा | ४ | २० | १:५ |
| १२ | श्री पुष्पाञ्जली प्रावि,माझिफेदा | २ | १० | १:५ |
| १३ | श्री सरस्वती मावि,छेडा | २० | १९१ | १:१० |
| १४ | श्री ग्राम विकास मावि,धुसेनी | ५ | २७ | १:५ |
| १५ | श्री बालज्योति प्रावि,सुँहुरे | ४ | २५ | १:६ |
| १६ | श्रीजागृति मावि,क्यौरेनी | २१ | ९४ | १:४ |
| १७ | श्रीअरनिको मावि,पोखरी | १७ | ८१ | १:५ |
| १८ | श्री महादेव प्रावि,सुलिकोट | ३ | १८ | १:६ |
| १९ | श्री प्रभामावि,कात्तिके देउराली | २५ | ३३४ | १:१३ |
| २० | श्रीमहाविष्णु आवि,कात्तिके | ८ | ४० | १:५ |
| २१ | श्री सुनकोशी आवि,आरुबोट | १० | ५७ | १:६ |
| २२ | श्री महांकाली प्रावि,कात्तिके | ३ | २४ | १:८ |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्रीबालकल्याण प्रावि,कात्तिके | ५ | २८ | १:६ |
| २४ | श्री सिर्जनशील जनता मावि,कुँडारी | २१ | १५६ | १:७ |
| २५ | श्री भुमेस्थान मावि,विर्ता | १८ | १३० | १:७ |
| २६ | श्री देउराली मावि,विर्ता | १५ | ८० | १:५ |
| २७ | श्री ज्वालादेवी आवि,विर्ता | ८ | ४३ | १:५ |
| २८ | श्री बच्छेश्वर प्रावि,पचुवार | ४ | ४५ | १:११ |
| २९ | श्री बालचन्द्र प्रावि,विर्ता | ५ | ४९ | १:१० |
| ३० | श्री इश्वरीदेवी आवि,गोठपानी | ८ | ६२ | १:८ |
| ३१ | श्री सुर्योदय प्रावि,गोठपानी | ५ | ४१ | १:८ |
| ३२ | श्री कालिकादेवी,प्रावि | २ | १२ | १:६ |
| ३३ | श्री कालिका देवि प्रावि | २ | २४ | |
| | | ३०२ | **२१२८** | १:७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ३३ वटा विद्यालयमा शिक्षक दरबन्दी ३०२ रहेकोमा विद्यार्थी संख्या २१२८ रहेको देखिन्छ भने पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:७ रहेको देखिन्छ । विद्यालय मर्ज गर्ने र भौगोलिक विकटताले नमिल्ने स्थानमा कक्षा घटाई शिक्षक अन्यत्र सरुवा गर्नुपर्दछ ।

## ५९ अनुगमन भत्ता भुक्तानी

भ्रमण खर्च नियमावली २०६४ बमोजिम कर्मचारीले १५ कि मि भन्दा टाढा रात विताउने गरी खटिएमा दैनिक भत्ताा तथा भ्रमण खर्च भुक्तानी हुने व्यवस्था भएपनी अनुगमन भत्ता भुक्तानी गर्ने कानुनी व्यवस्था नरहेको र कार्य सन्चालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । पालिकाले कर्मचारीहरुलाई निम्न अनुसारका कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमको अनुगमन गरेको भत्ता भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु.

| गोश्वरा भौ न मिति | अनुगमन विषय | अनुगमन कर्ता | सङ्ख्या | रकम रु |
|---|---|---|---|---|
| १७५- २०८१।०३।१३ | मासु प्रर्वदन कार्यक्रम | कर्मचारी | ९ | १०३५०० |
| ६७ -२०८१।०३।१९ | बाख्रापालन प्रर्वद्धन | कर्मचारी | ९ | ५८४०० |
| जम्मा | | | | १६१९०० |

| अनियमित भएको | १,६१,९०० |
|---|---|

## ६० गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

६०.१

**जिन्सी दाखिलाः** गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमवाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छूट मूल्यमा सहभागीहरुलाई विक्री गर्ने तथा यसरी विक्री हुन नसकेमा सम्भव भएसम्म विक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, विक्री कक्ष वा प्रदर्शनी स्टलमा पठाउने र पठाउँदा पनि विक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी विक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस बर्ष २ बटा सिपमूलक तालिम( सिलाईकटाई र बाख्रापालन सम्बन्धी) तालिम सञ्चालन गरी रु २४००००।००खर्च गरेको छ। उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख देखिएन । के कति समान उत्पादन भए भन्ने एकिन हुन नसकेको तथा उत्पादित समान विक्रि नभएमा दाखिला गर्नुपर्नेमा स्टोर दाखिला भएको देखिएन ।छुट मुल्यमा विक्रि गर्ने विक्रि नभएमा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ।

६०.२ (२१५-२०८१-३-१६):

**लागत साझेदारीः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ४०उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्नेउद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ । सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा अन्तर्गत ७ जनालाई प्रविधि मुल्य रु १२१५३४।०० बरावरको सिलाईकटाई मेसिन र कैची र आईरन वितरण गरेकोमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम को बुँदा ४१ को प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रिया अनुसार २० प्रतिशत साझेदारीमा प्रविधि हस्तान्तरण गर्नुपर्नेमा साझेदारी नदेखिएको हुँदा प्रविधि हस्तान्तरण वापतको बीस प्रतिशत सम्बन्धीतबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| सि न | प्रविधि विवरण | नामथर | ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | सिलाईकटाई १ मेशिन १कैची १ आईरन १ | लक्ष्मि परियार | वडा न ६ | ३४७२ |
| २ | सिलाईकटाई १ मेशिन १कैची १ आईरन १ | शुभद्रा परियार | वडा न ६ | ३४७२ |
| ३ | सिलाईकटाई १ मेशिन १कैची १ आईरन १ | सुनिता परियार | वडा न ६ | ३४७२ |
| ४ | सिलाईकटाई १ मेशिन १कैची १ आईरन १ | वविता साङ्तान | वडा न ७ | ३४७२ |
| | जम्मा | | | १३८८८ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **३,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **३,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **३,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,८८८ |

६१ **बढि भुक्तानी** (८०-२०८०-१२-१४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखा अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न हुनुपर्ने र भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।औषधी खरिद अन्तर्गत गाउँपालिकाले Contract no- CDRM/GOODS/NCB/01/080/81

मार्फत गोसाँईकुण्ड मेडिसिन सप्लायर्स प्रालि सँग २०८०।०९।११ को ठेक्का सम्झौता बमोजिम रु १४०१८८९.९०भुक्तानी हुनुपर्नेमा रु १४०४५७८।०० भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम २६८८.१ असुलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६८८.१ |

६२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ वटा योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९५ दिन रोजगारी उपलव्ध गराई रु ४१५०२७२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे/ नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६३ **गृहणी महिला सशक्तिकरण तालिम**

गाउँपालिकाले गृहणी महिला सशक्तिकरण तालिम सञ्चालन गर्दा एक दिन पालिका स्तरिय अभिमुखिकरण कार्यक्रम ,विभिन्न वडामा अचार बनाउने तालिम ३ वटा. बाख्रापालन १/१ बटा मुडा बनाउने तालिम २ वटा महिला विकास शाखा प्रमुख श्री नोर्बु सिंह लामा लाई सोधभर्ना भुक्तानी रु १९५३५७१।०० गरेको छ। तालिम सञ्चालन मिति हेर्दा ७ वटा तालिम २०८०।०३।०१ देखि २०८०।३। २३ मा सम्पन्न भएको विवरण पेस भएको छ।कार्यक्रमगत खर्च विवरण पेस नभई एकमुष्ट खर्च विवरण पेस भएकोमा कुन कार्यक्रमा कति खर्च भयो एकिन हुन सकिएन। सेस्ता अनुसार देखिएका विवरण निम्न अनुसार छन्न।

६३.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **९,८१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२१,०३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३.२ **तालिममा उत्पादित सामाग्रीः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बुँदा ३९ मा तालिमवाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छूट मूल्यमा सहभागीहरुलाई विक्री गर्ने तथा यसरी विक्री हुन नसकेमा सम्भव भएसम्म विक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, विक्री कक्ष वा प्रदर्शनी स्टलमा पठाउने र पठाउँदा पनि विक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। तालिम सञ्चालनका लागि मुल्य रु.५३७१००।०० बरावरको कच्चा पदार्थ र प्रविधिको खरिद गरिएको छ। तालिमको कच्चा पदार्थबाट उत्पादन भएका सामाग्रीको व्यवस्थीत अभिलेख राख्नुपर्ने तथा उत्पादन भएका समानको बजारीकरण गर्नुपर्नेमा सो गरेको देखिएन। गाउँपालिकाले सञ्चालन गरेका तालिमको क्रममा उत्पादन भएका सामाग्रीको सङ्ख्या र अवस्थाबारे अभिलेख देखिएन। गाँउपालिकाले तालिमको लागि खरिद गरेका प्रविधिको तथा कच्चा पदार्थको रकममा भएको खर्चको ५० प्रतिशतले हुने रु.२६८५५०।०० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६८,५५० |

